स्थानीय सरकार
सम्पर्क नं.०२५-५४३०३०

# दुहवी नगरपालिका

**Duhabi Municipality**

# नगर कार्यपालिकाको कार्यालय

**Office of Municipal Executive**

दुहवी, सुनसरी

प.सं.-२०८२/०८३
च.नं.-

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

मितिः२०८३/०३/१७

## सेवा प्रदायक संस्था/फर्म सूचीकृत सम्बन्धी सूचना!!!!!

यस दुहवी नगरपालिकाबाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने विभिन्न कार्यक्रम, गोष्ठी, सेमिनार, तालिम, अन्तरक्रिया, अभिमुखीकरण, जनचेतनामूलक कार्यक्रम, सामाजिक विकाससम्बन्धी कार्यक्रम तथा अन्य समान प्रकृतिका कार्यक्रमहरू सञ्चालन गराउँदा आवश्यक पर्ने सेवा उपलब्ध गराउन इच्छुक योग्य संस्था, फर्म, कम्पनी, गैरसरकारी संस्था, परामर्शदाता संस्था तथा सेवा प्रदायकहरूलाई प्रचलित कानूनबमोजिम यस कार्यालयमा सूचीकृत हुनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संस्था/फर्म/कम्पनीले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र देहायका कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. संस्था/फर्म/कम्पनी दर्ता प्रमाणपत्र।

२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र (लागू हुने भए) ।

३. पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण।

४. सम्बन्धित निकायबाट प्राप्त इजाजतपत्र (लागू हुने भए) ।

५. संस्था फर्मको प्रोफाइल।

६. विगतमा सम्पन्न समान प्रकृतिका कार्यहरूको अनुभव विवरण।

७. प्रमुख जनशक्तिको विवरण तथा योग्यता।

८. स्वघोषणा (Declaration) कि संस्था कालोसूचीमा परेको छैन र प्रचलित कानूनबमोजिम कार्य गर्न योग्य रहेको छ।

९. अन्य आवश्यक कागजात (आवश्यकताअनुसार) ।

*नोटः आर्थिक वर्ष २०८३/०८४ मा दुहवी नगरपालिकाबाट सञ्चालन हुने गोष्ठी, सेमिनार, तालिम, कार्यशाला, अन्तरक्रिया, सामाजिक तथा अन्य समान प्रकृतिका कार्यक्रमहरूको सेवा खरिदका लागि यस सूचनाबमोजिम सूचीकृत भएका संस्था/फर्म/कम्पनीहरूलाई मात्र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको खरिद प्रक्रियामा सहभागी गराइनेछ।*

सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत



CS Scanned with CamScanner